# पाँचखपन नगरपालिकाको आर्थिक ऐन- २०७५

प्रस्तावनाः पाँचखपन नगरपालिकाको आर्थिक वर्ष ०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पाँचखपन नगर सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि पाँचखपननगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२। **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर /सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३। **भूमि कर (मालपोत)** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४। **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५। **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६। **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७। **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०। **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११। **पार्किङ शुल्कः**नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२। **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍यानफ्टीङ्ग शुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३। **सेवा शुल्क, दस्तुरः**नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४। **पर्यटनशुल्कः**नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५। **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचीहरु

## अनुसुची-१

## एकिकृत सम्पत्ती कर

स्थानीय स्वायत्त ऐन, २०५५ नियमावली २०५६ एकीकृत सम्पत्ती कर निर्देशिका २०६२ संसोधन सहितमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकिकृत सम्पत्ती कर अनिवार्य रुपमालागु गरिनेछ। करको दररेट :

### मूल्यांकनका आधारहरु

**१.जग्गातर्फ**

- मालपोत कार्यालय संखुवासभाले रजिष्ट्रेशन पास निमित्त नगर क्षेत्रमा निर्धारण गरेको न्युनतम दररेट
- चलन चल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुने गरी) मूल्यांकनलाई आधार मानिने,
- नगरपालिकामा सडकले छोएको र नछोएको, बस्ति विकास भएको र नभएको ठाउँहरुको र मुख्य केन्द्र र सहायक केन्द्रहरुको आधारमा,

**'क' वर्गमा परेका जग्गाहरु (प्रति रोपनी रु. ७,५०,०००) (मुख्य केन्द्र तथा बजार क्षेत्र)**

१. वाना बजार देखि हेल्थपोष्ट र वाना बजार देखि भिरकुना वाँजागरा सम्म मूल सडकवाट १०० मि. तल माथि।

२. वाना बजारवाट गोविन्द ब. श्रेष्ठको घर हुँदै पाँचघरे भैंसे खोलासम्म सडकवाट १०० मि. तल माथि।

३. वाना विहिवारे वजारहुदै वावुन जाने वडा कार्यालय सम्म सडकवाट १०० मि. तल माथि।

४. विहिवारे बजार देखि भैंसी चौक सम्म सडकवाट १०० मि. तल माथि।

५. लिङलिङ वाघखोर देखि हेल्थपोष्ट सम्म सडकवाट १०० मि. तल माथि ।

६. वाना आहाल देखि थरीगाउँ हुँदै वाना चौक सम्म सडकवाट १०० मि. तल माथि ।

**<u>'ख' वर्गमा परेका जग्गाहरु (प्रति रोपनी रु. ५००,०००)(सहायक केन्द्र तथा बजारोन्मुख क्षेत्र)</u>**

१. खमारे मिलनचौक दायावाँया सडकवाट १०० मि. तल माथि ।

२. स्याबुन चार चौतारादेखि देवल हुँदै सार्की डाडाँ सम्म सडकवाट १०० मि. तल माथि ।

३. स्याबुन आइतवारे देखि नारदे भन्ज्याङ्ग सम्म सडकवाट १०० मि. तल माथि ।

४. स्याबुन आक्तेन सरोज राईको घर देखि जित बहादुर दिपालीको घर सम्म सडकवाट १०० मि. तल माथि ।

५. लिङलिङ गुठदेखि टिम्मुरे भन्ज्याङ सम्म सडकवाट १०० मि. तल माथि ।

६. स्याबुन औलवारी लम्वाई १५० मि. सडकवाट १०० मि. तल माथि ।

७. हाडिखर्क ठाडोखोला देखि हाङ्दुवा खोला सम्म सडकवाट १०० मि. तल माथि ।

८. सिभुवा डुम्रेगाउँ देखि माझगाउँ सम्म सडकवाट १०० मि. तल माथि ।

९. नागवेली डाडाँ गैरीगाउँदेखि पुरानो गाउँ जोर आँप सम्म सडकवाट १०० मि. तल माथि ।

१०. सिभुवा आइतवारे जम्मावज्यै थान क्लिनिक आसपास सडकवाट १०० मि. तल माथि ।

११. चुङखुरुङ काब्रे खेत देखि रुद्र न्यौपानेको घर सम्म सडकवाट १०० मि. तल माथि ।

१२. हल्दारटार कुविर भुजेलडाडा देखि कुविर खोल्सी सम्म सडकवाट १०० मि. तल माथि ।

१३. जलजला सुनखानी हेवाखोला देखि यावाखोला सम्म सडकवाट १०० मि. तल माथि ।

१४. कल्लेरी थालडाडा देखि तारा राइको घर छेउ खोल्सी सम्म सडकवाट १०० मि. तल माथि ।

१५. मुडे चौक नइन्द्र तामाङको घर देखि अनन्तको घर सम्म सडकवाट १०० मि. तल माथि ।

**<u>'ग' वर्गमा परेका जग्गाहरु (प्रति रोपनी रु. ३००,०००)(सडकले छोएका तर पातलो बस्ति)</u>**

१. नागीडाडा शिव आ.वि. देखि महादेव डाडाँ सम्म सडकवाट १०० मि. तल माथि ।

२. निपाने कसुवा खोला देखि सभा पोखरी सिमाना सम्म सडकवाट १०० मि. तल माथि ।

३. यांसिजुङ खोल्सी देखि मिल सम्म सडकवाट १०० मि. तल माथि ।

४. माक्सुवा खेकुवा खोला देखि कुसुवा खोला सम्म सडकवाट १०० मि. तल माथि ।

५. पोखाङ हे.पो. देखि रिठ्ठे डाडाँ सम्म सडकवाट १०० मि. तल माथि ।

६. जलजला पिपलडाडाँ संगाउ खोल्सी देखि पिपलडाडाँ खोल्सी सम्म सडकवाट १०० मि. तल माथि ।

७. स्याबुन चरी भन्ज्याङ्ग सपन दाहालको घरदेखि मिलन तामाङको घरसम्म सडकवाट १०० मि. तल माथि ।

८. खप्टुवा दानावारी देखि अर्चले चौतारा सम्म सडकवाट १०० मि. तल माथि ।

९. वाना खैरेनी धारा खोला देखि माछा पोखरी सम्म सडकवाट १०० मि. तल माथि ।

१०. अर्चले ठूलो धारादेखि टुँडिखेल खेत सम्म सडकवाट १०० मि. तल माथि ।

११. दलेमो चौतारा- सित्तले मार्से चौतारा सम्म सडकवाट १०० मि. तल माथि ।

१२. साउने चौक (सिभुवा) आसपासमा सडकवाट १०० मि. तल माथि ।

१३. मालवाँसे आइतवारे दिवसको घरदेखि राजुको धार सम्म सडकवाट १०० मि. तल माथि ।

१४. साउने टोलको आसपास वरडाडाँ सम्म सडकवाट १०० मि. तल माथि ।

१५. डाडाँगाउँ मौषम लिम्बुको घरदेखि ह्रेन्जन छ्योलिङ गुम्वा सम्म सडकवाट १०० मि. तल माथि ।

१६. याङ्गुवा खोला धारापानी टाइगर चौक सम्म सडकवाट १०० मि. तल माथि ।
१७. नारदे भन्ज्याङ्ग टाइगर चौक सम्म सडकवाट १०० मि. तल माथि ।

माथि उल्लेख गरिए देखि बाहेकाको जग्गाको निम्न बमोजिमको मूल्य कायम गरिएको छ ।

(क) अव्वल प्रति रोपनी १,००,०००। (एक लाख)
(ख) दोयम प्रति रोपनी ७५,०००। (पचहत्तर हजार)
(ग) सिम प्रति रोपनी ५०,०००। (पचास हजार
(घ) चाहार प्रति रोपनी २५,०००। (पच्चिस हजार)

## २. घर तथाभौतिक संरचनातर्फ :

एकिकृत सम्पत्तीकर निर्धारण प्रयोजनकालागि घर तथाभौतिक संरचनाहरुको मूल्यांकन दररेट देहायबमोजिमवा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी गरिए बमोजिमहुनेछ ।

| क्रस | घर | फुस | कर्कटपाता | ढलान |
|---|---|---|---|---|
| १ | एकतले | ५०,००० | ८०,००० | ५,५०,००० |
| २ | दुइतले | ७५,००० | १५०,००० | ८२५,००० |
| ३ | तीन तले वा सो भन्दा माथि | १००,००० | २००,००० | ११,००,००० |

## एकिकृत सम्पत्ति करको दरः-

कुनै पनि व्यक्तिको घर जग्गाको मूल्यांकनबाट हुन आउने एकिकृत सम्पत्तिमा ०.०५ प्रतिशतका दरले वार्षिक रुपमा लगाईने छ । उदाहरणको रुपमाः-

१) रु. १,००,०००। को सम्पत्तिमा ०.००५ प्रतिशत का दरले हुन आउने रु.५०।
२) रु. २,००,०००। को सम्पत्तिमा ०.००५ प्रतिशत का दरले हुन आउने रु.१००।
३) रु. १०,००,०००। को सम्पत्तिमा ०.००५ प्रतिशत का दरले हुन आउने रु.५००।
४) रु. ५०,००,०००। को सम्पत्तिमा ०.००५ प्रतिशत का दरले हुन आउने रु.२५००।

## अनुसूची-२

पाँचखपन नगरपालिकाले आ.व. २०७५/७६ मा मालपोत (भुमिकर) तपसिल बमोजिमका दररेट अनुसार असुल गर्ने छ।

१ देखि २० रोपनी सम्म

| किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ।५० | ।४० | ।२५ | ।२० |
| पाखाबारी | ।४० | ।३० | ।२० | ।१५ |

२० देखि ४० रोपनी सम्म

| किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ।६० | ।५० | ।३५ | ।२५ |
| पाखाबारी | ।४० | ।३० | ।२० | ।१५ |

४० रोपनी भन्दा माथि जति भए पनि

| किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ५। | ४। | ३। | २। |
| पाखाबारी | ३। | २। | १। | ।८० |

## अनुसुची-४

पाँचखपन नगरपालिकाले आ.व. २०७५/७६ मा व्यवसाय कर तपसिल बमोजिमको दररेट अनुसार असुली गर्ने छ।

| सि.नं. | विषय | विवरण | आ.व. ०७४/७५ को स्विकृत दररेट | आ.व. ०७५/७६ को स्विकृत दररेट | कैफियत |
|---|---|---|---|---|---|
| | घर र जग्गा अन्य सिफारिस | ➢ मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | ५००.०० | १०००.०० | |
| | | ➢ जग्गा नामसारी सिफारीस | ५००.०० | ७००.०० | |
| | | ➢ मोही लगत कट्टा सिफारीस | ५००,०० | १५००,०० | |
| | | ➢ अपुताली सिफारीस दस्तुर | १०००.०० | २०००.०० | |
| | | ➢ चार किल्ला सिफारीस (१० रोपनी सम्मको ) | ५००.०० | ५००.०० | सो भन्दा माथि प्रतिरोपनी थप रु ५०। लाग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | ➢ निवेदन दस्तुर | २०.०० | २०.०० | |
| | | ➢ बसोवास प्रमाणीत | ५००.०० | ५००.०० | |
| | | ➢ हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ५००.०० | ५००.०० | |
| | | ➢ उद्योग सम्बन्धि घरमा आगलागि | २०००.०० | २०००.०० | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ➢ साना घरेलु उद्योगमा आगलागि सिफारीस | १५००.०० | १५००.०० | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ➢ मझौला उद्योगमा आगलागि सिफारीस | ३०००.०० | ३०००.०० | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ➢ ठूला उद्योगमा आगलागि सिफारीस | ५०००.०० | ५०००.०० | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ➢ दैवि प्रकोप सिफारिस | निशुल्क | निशुल्क | |
| | | ➢ नक्सा पास किताव दस्तुर | ५००.०० | ७००.०० | |
| | | ➢ संघसंस्थाको बैक खाता खोल्दा | १००.०० | २००.०० | |
| | | ➢ घर वाटो सिफारिस | ५००.०० | १००००.०० | |
| | | ➢ सवै किसिमका फारम दस्तुर | ५०.०० | ५०.०० | |
| | | ➢ नाम, उमेर थर लगायत संसोधन | २००.०० | २००.०० | |
| | | ➢ व्यवसाय प्रमाण पत्र दस्तुर | ५००.०० | ५००.०० | |
| | | ➢ पक्की घर कायम सिफारीस | १०००.०० | १५००.०० | एक हजार बर्गफिट भन्दा माथिको हकमा प्रति वर्ग फुट रु २। प्राम्भ देखी |
| | | ➢ टिनको छाना भएको कच्की घर कायम सिफारीस | ३००.०० | ५००.०० | |
| | | ➢ कच्ची घर सिफारीस | २००.०० | २००.०० | |
| | | ➢ तिनपुस्ते खुल्ने सिफारीस, | ५००.०० | ५००.०० | |
| २ | नागरीकता सम्बन्धित सिफारीस | ➢ नागरीक प्रमाणपत्र सिफारीस | १००.०० | २००.०० | |
| | | ➢ नागरीकता सर्जिमिन | ५००.०० | ५००.०० | |
| | | ➢ नागरीकताको प्रतिलिपी | २००.०० | ३००.०० | दोस्रो पटक भन्दा बढी ५०० |
| | | ➢ अंगीकृत नागरीकता | ५०००.०० | ५०००.०० | |
| | | ➢ बैवाहीक अंगीकृत नागरकिता सिफारीस | ५००.०० | १०००.०० | |
| | | ➢ नावालक परिचय पत्र सिफारिस | २००.०० | २००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पंजिकरण सँग सम्बन्धि प्रमाणीत सिफारीस | ➢ विवाह दर्ता र प्रमाणीत | १००.०० | २००.०० | विदेशका लागि रु ५००.०० |
| | | ➢ विवाह दर्ता प्रतिलिपि | १००.०० | ३००.०० | विदेशका लागि रु ७००.०० |
| | | ➢ जन्म  दर्ता र प्रमाणीत | १००.०० | १००.०० | विदेशका लागि रु ५००.०० |
| | | ➢ जन्म  दर्ता प्रतिलिपि | १००.०० | २००.०० | विदेशका लागि रु ७००.०० |
| | | ➢ मृत्यु  दर्ता र प्रमाणीत | १००.०० | १००.०० | विदेशका लागि रु ७००.०० |
| | | ➢ बसाईसराई  दर्ता र प्रमाणीत | २००.०० | ५००.०० | विदेशका लागि रु १०००.०० |
| | | ➢ अविवाहीत दर्ता र प्रमाणीत | २००.०० | ३००.०० | विदेशका लागि रु ५००.०० |
| | | ➢ संवन्धविच्छेद | १०००.०० | २०००.०० | |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | ➢ चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस | १००.०० | २००.०० | |
| | | ➢ चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास नभएको हकमा | ५००.०० | ७००.०० | |
| | | ➢ नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | ३००.०० | ५००.०० | |
| | | ➢ भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | ५००.०० | १०००.०० | |
| | | ➢ अन्य देशका पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | १०००.०० | २०००.०० | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन छुटै लाग्ने छ। |
| | | ➢ बैदेशिक रोजगारीको सिलसिलामा मृत्य भएको व्यक्तिको सिफारीस | निशुल्क | निशुल्क | |
| | | ➢ व्यवसाय बन्द सिफारीस | १००.०० | १००.०० | |
| | | ➢ | | | |
| | | ➢ नाता प्रमाणीत नेपालीमा | ५००.०० | ५००.०० | |
| | | ➢ नाता प्रमाणीत अंग्रेजीमा | १०००.०० | १०००.०० | |
| | | ➢ नम्वरी जग्गाको रुख काट्ने सिफारीस नीजि प्रयोजन ३० क्य फि सम्म | २००.०० | २००.०० | ३० भन्दा बढी भए प्रति क्यु फि रु१०।०० वडाको सिफारिसमा स्थलगत हेरी न.पा.ले लिने। |
| | | ➢ सहुलियत काठको सिफारीस | ५००.०० | ५००.०० | |
| | | ➢ काठ निकासि (प्रति ढक)<br>➢ ट्याक्टर (प्रति ट्याक्टर) | ३०००.००<br>८००.०० | प्रति रुख १५०.०० | |
| ५ | **माग निवेदनका आधारमा जग्गा छुट्याउने काम ( अमिनद्वारा)** | ➢ एक रोपनी सम्मको लागि | ५००.०० | ५००.०० | |
| | | ➢ एक रोपनी देखी दश रोपनी सम्म | १०००.०० | १०००.०० | |
| | | ➢ दश रोपनी देखि पचास रोपनी सम्मको लागि | ३०००.०० | ३०००.०० | |
| | | ➢ पचास रोपनी देखी असि रोपनी  सम्मको लागी | ५०००.०० | ५०००.०० | असि रोपनी भन्दा माथि प्रतिरोपनी रु १०० थप लाग्ने |
| | | ➢ घर बनाउदा किचलो परी जग्गा छुट्याउदा | ३५००.०० | ३५००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | स्थानिय कच्चा पदार्थमा लाग्ने कर | अलैची प्रति केजि<br>अम्लिसो प्रति केजि<br>मजिटो प्रति कजि<br>चिरैतो, प्रति केजि<br>सतुवा प्रति केजि<br>यार्सागुम्वा प्रति केजि<br>ऐसेलु,चुथ्रो प्रति केजि | ५.००<br><br>०.५<br><br>०.५<br>३.००<br>५.००<br>१०००.००<br>५.०० | ५.००<br><br>०.५<br><br>०.५<br>३.००<br>५.००<br>१०००.००<br>५.०० | |
| ७ | उद्योग दर्ता सिफारिस | चप्पल उद्योग | १०००.०० | १०००.०० | |
| | | चाउचाउ उद्योग | १०००.०० | १०००.०० | |
| | | विस्कुट उद्योग | १०००.०० | १०००.०० | |
| | | सलाई उद्योग | १०००.०० | १०००.०० | |
| | | प्लाई उड उद्योग | ३०००.०० | ५०००.०० | |
| | | कपडा उद्योग | ३०००.०० | ५०००.०० | |
| | | बरफ उद्योग | १०००.०० | २०००.०० | |
| | | कन्फेसनरी उद्योग | १.०००.०० | १.०००.०० | |
| | | काष्ठ उद्योग | ३०००.०० | ५०००.०० | |
| | | स मिल सहितको काष्ठ उद्योग फर्निचर समेत | ५०००.०० | ७०००.०० | |
| | | फर्निचर मात्र | १०००.०० | ३०००.०० | |
| | | ग्यारेज | १०००.०० | ४०००.०० | |
| | | पेट्रोल पम्प | १००००.०० | १००००.०० | |
| | | मट्टितेल डिलर | १०००.०० | २०००.०० | |
| | | स्टेशनरी वा कपी उद्योग | ५०००.०० | ५०००.०० | |
| | | डिस्टीलरी वा ब्रुअरी उद्योग | १००००.०० | १००००.०० | |
| | | हल्का पेय जुस पदार्थ उद्योग | २०००.०० | २०००.०० | |
| | | प्लास्टीक उद्योग | ३०००.०० | ३०००.०० | |
| | | पाउरोटी, केक, दुनट उद्योग | १०००.०० | २०००.०० | |
| | | ग्रील उद्योग | १०००.०० | ३०००.०० | |
| | | गलैचा उद्योग | ५०००.०० | ५०००.०० | |
| | | गार्मेन्ट उद्योग | ३०००.०० | ३०००.०० | |
| | | कुटानी पिसानी मिल | ५००.०० | १०००.०० | |
| | | भुजीया उद्योग | ५००.०० | ५००.०० | |
| | | ईटा तथा टायल उद्योग आधुनीक भट्टा जडित | ५०००.०० | ५०००.०० | |
| | | ईटा तथा टायल आधुनीक यन्त्र जडान नगरीएको | ३०००.०० | ३०००.०० | |
| | | चिया उद्योग | ५०००.०० | ५०००.०० | |
| ८ | **निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि गरीने सिफारीस** | ➢ पूर्व प्राथमिक | २०००.०० | ३०००.०० | |
| | | ➢ आधारभुत विद्यालय | ५०००.०० | ७०००.०० | |
| | | ➢ माध्यमिक विद्यालय | १००००.०० | १००००.०० | |
| | | ➢ क्याम्पस | १५०००.०० | १५०००.०० | |
| | | ➢ प्राविधिक शिक्षण संस्था | १००००.०० | १००००.०० | |
| | | ➢ स्तर बृद्धीका लागि सिफारीस | २०००.०० | २०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | (अंश वण्डा हक छोड्ने, परिवार भित्रमा नामसारी, बकस, दाईजो तथा बैकिङ्ग प्रयोजनको हकमा) | ➢ १० रोपनी सम्मको | ५००.०० | ५००.०० | |
| | | ➢ १० रोपनी देखी २० रोपनी सम्म | १०००.०० | १०००.०० | |
| | | ➢ २० रोपनी देखी ४०रोपनी सम्म | १५००.०० | १५००.०० | |
| | | ➢ ४० रोपनी देखी ८० रोपनी सम्म | ३०००.०० | ३०००.०० | |
| | | ➢ ८० रोपनी भन्दा देखी माथि | ५०००.०० | ५०००.०० | |
| १० | **घर नक्सा पास दस्तुर** | ➢ १००० बर्गफूट सम्म नक्सा पास गर्दा प्रतिवर्गफूट | २.५० | ३.०० | (क) पटक-पटक गरी नक्सा पास गर्नेका हकमा कुल क्षेत्रफलका आधारमा कुनवर्गमा पर्ने हो सो निर्धारण गरी सोही वर्गको कर लिईने छ। (ख) नक्सा संसोधन गर्दा कूल बुझाउनु पर्ने दस्तुर थप ३० प्रतिशत दस्तुर लिईने छ। (ग) कायम भएको दस्तुरको ५० प्रतिशत धरौटी वापत नगरपालिकामा जम्मा गर्नु पर्ने छ। जुन निर्माण सम्पन्न भएको दुई बर्ष भित्र सम्बन्धित घरधनीलाई फिर्ता दिईने छ। घर सम्पन्न भएको दुई बर्ष भित्र लिन नआएमा कानून बमोजिम सदर स्याहा गरीने छ। |
| | | ➢ १५०० बर्गफूट सम्मको लागि प्रतिवर्ग फूट | ४.०० | ४.०० | |
| | | ➢ २००० देखी २५०० बर्गफूट सम्मको लागि | ५.०० | ५.०० | |
| | | ➢ २५०० बर्गफूट देखी ४००० बर्गफुट सम्मको लागि | ७.०० | ७.०० | |
| | | ➢ ४००० बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ९.०० | ९.०० | |
| | | ➢ पर्खाल प्रति रनिङ्ग फिट | .५० | .५० | |
| | | ➢ काठको घर वा टाँडे घर | १००.०० | १००.०० | |
| | | ➢ भुँई तलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको | २००.०० | ५००.०० | |
| | | ➢ पहिले वनिसकेका पक्की घर प्रतितला | ५००.०० | १०००.०० | |
| | | नगरपालिका घोषणा हुनुपूर्व निमार्ण भएका घरहरुको हकमा | २००<br>५०० | ५००<br>१००० | नगरपालिकाले तोकेको समय भित्र नक्सा पास नगराएमा तोके बमोजिमको जरीवाना हुनेछ। |
| | घर नक्शा नाम सारी दस्तुर | ➢ १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | १०००.०० | १०००.०० | (क) घर जग्गा धनीको मृत्यु भई प्रचलित कानून बमोजिम एका सगोलका परीवारमा नामसारी गर्नू पर्दा १००० बर्गफिट सम्मको घरमा रु. १०००। सो भन्दा माथि जतिसुकै भए पनि रु.२५००। लिईने छ। |
| | | ➢ १००० देखी २००० वर्गफूट सम्मको घर नक्सा नामसारी | १५००.०० | १५००.०० | |
| | | ➢ २००० देखी ३००० वर्गफूट सम्मको घर नक्सा नामसारी | २०००.०० | २०००.०० | |
| | | ➢ ३००० देखी ४००० बर्ग फीट सम्मको | ३०००.०० | ३०००.०० | |
| | | ➢ ४००० देखी ५००० बर्गफिट सम्मको | ४०००.०० | ४०००.०० | |
| | | ५००० बर्गफिट भन्दा माथि प्रति ५०० बर्ग फिट बराबर | ५०००.०० | ५०००.०० | |
| १२ | **घर निमार्ण क्षेत्र रेखांकन, निरीक्षण लगायतका दस्तुर** | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर<br>लेआउट दस्तुर | ५००.०० | ५००.०० | नगरपालिकाले भवन संहिता लागू गरे पछि वा सो पूर्व परामर्शदाता वा छुट्टै कर्मचारीबाट नक्सा र निर्मित घरको भेरीफीकेशन, संहिता पालना का विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्नेछ। |
| | | | ३००.०० | ३००.०० | |
| | | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | २००.०० | २००.०० | |
| १३ | अन्य सिफारिस दस्तुर | ➢ कच्ची घरमा विद्युत जडान सिफारीस | ५०.०० | १००.०० | |
| | | ➢ पक्की घरमा विद्युत जडान सिफारीस | ५००.०० | ५००.०० | |
| | | ➢ थ्रिफेज लाईन जडान | १०००.०० | १०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिफारीस | | | | |
| | | ➢ खानेपानीको धारा जडान | १००.०० | १००.०० | | |
| | | ➢ संस्था दर्ता सिफारीस | १०००.०० | १०००.०० | | |
| | | ➢ सिनेमा हल खोल्ने सिफारीस | १००००.०० | १००००.०० | | |
| | | मेला सर्कस अनुमति सिफारीस | न्यूनतम एक दिन सम्मको रु ५००० / थप प्रतिदीन रु ३०००. ०० | न्यूनतम एक दिन सम्मको रु ५००० / थप प्रतिदीन रु ३०००. ०० | | |
| | | ➢ टेलीफोन जडान सिफारीस | १००.०० | १००.०० | | |
| | | ➢ अटो रिक्सा अनुमति | १०००.०० | २००.०० | | |
| | | ➢ अन्यत्र नपरेका सरजमिन | ५००.०० | ५००.०० | | |
| | | ➢ वैदेशिक रोजगारीमा मृत्यु सिफारिस | | | | |
| | | ➢ | | | | |
| | | ➢ पसल कोठा आगजनी भएको | निशुल्क | निशुल्क | | |
| | | ➢ सबै प्रकारका अंग्रेजीमा सिफारिस | १०००.०० | १०००.०० | | |
| १४ | मालपोत अशुली दर | दश रोपनि सम्म | ५०.०० | ५०.०० | | |
| | | दश रोपनी देखि विष रोपनी सम्म | १००.०० | १००.०० | | |
| | | विष रोपनी भन्दा माथि प्रति रोपनी थप लिने । | अब्बल-१५<br>दोयम-१०<br>सिम- ७<br>चाहार-३ | अब्बल-१५<br>दोयम-१०<br>सिम- ७<br>चाहार-३ | | |
| १५ | प्रतिलिपि सिफारिस | ➢ नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | २००.०० | २००.०० | क, प्रतिपाना रु ५.०० लाग्ने | |
| | | ➢ घरको नक्साको प्रतिलिपी | २००.०० | २००.०० | | |
| | | ➢ व्यवसाय प्रमाणपत्रको प्रतिलिपी | १५०.०० | १५०.०० | | |
| | | ➢ अन्य प्रमाण-पत्र | १००.०० | १००.०० | | |
| | | ➢ प्रमाणपत्र बाहेक अन्यको प्रतिलिपी प्रति पाना | ५.०० | ५.०० | मालपोत वा घरको नक्साको कर तिरको प्रतिलिपि | ५०.०० |

**व्यवसाय कर**

**पुंजीको आधारमा**

**१) व्यापारिक बस्तुहरू**

क) चुरोट तथा रक्सी जन्य पदार्थ, हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित बस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिंक सहितको किराना पसल समेत)

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख सम्म | ७००।- | ७००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- | १५००।- |
| ३ | ५ लाख देखि १५ लाख सम्म | २०००।- | २०००।- |
| ४ | १५ लाख देखि १ करोडसम्म | ५०००।- | ५०००।- |
| ५ | १ करोड देखि ५ करोडसम्म | १००००।- | १००००।- |
| ६ | ५ करोड देखि माथि | २००००। | २००००। |

ख) क्यामेरा, टेलीभिजन, चस्मा लगायतका विधुतिय सामाग्री (सिडि प्लेयर, कम्प्युटर सामाग्री समेतका व्यवसायहरु)

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ५ लाख सम्म | ७००।- | ७००।- |
| २ | ५ लाख देखि २० लाख सम्म | २०००।- | २०००।- |
| ३ | २० लाख देखि १ करोडसम्म | ३०००।- | ३०००।- |
| ४ | १ करोड देखि ५ करोडसम्म | ५०००।- | ५०००।- |
| ५ | ५ करोड देखि माथि | ८०००।- | ८०००।- |

ग) ट्याक्टर विक्री, कार जीप, अटोमोबाईल, मोटरपार्टस, मोटरसाईकल, मिल, मेशिनरी आदि ।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख सम्म | १०००।- | १०००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | २०००।- | २०००।- |
| ३ | ५ लाख देखि १० लाख सम्म | ३०००।- | ३०००।- |
| ४ | १० लाख देखि २० लाख सम्म | ३५००।- | ३५००।- |
| ५ | २० लाख देखि करोड सम्म | ४५००।- | ४५००।- |
| ६ | १ करोड भन्दा माथि | १००००।- | १००००।- |

घ) किताब, कापी तथा स्टेशनरीसंग सम्बन्धित व्यवसाय

| सि.नं. | बिवरण | पारित कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ५० हजार सम्म | ३००।- | ५००।- |
| २ | ५० हजार देखि १ लाख सम्म | ५००।- | ७००।- |
| ३ | १ लाख देखि ५ लाख सम्म | १०००।- | १०००।- |
| ५ | ५ लाख देखि २० लाख सम्म | २५००।- | २५००।- |
| ६ | २० खाल देखि २५ लाख सम्म | ४०००। | ४०००। |
| ७ | २५ लाख देखि माथि | ५०००।- | ५०००।- |

ङ) कृषिसंग सम्बन्धित व्ययवसायको हकमा (कृषि फर्म, गाई, बाख्रा, सुगुर पालन ब्यवसाय आदी कृषि सामग्री औजार, मल, विऊ दाना, चोकर, पशुंपक्षि आहारा)

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख सम्म | २००।- | २००।- |
| २ | १ लाख देखि ३ लाख सम्म | ५००।- | ५००।- |
| ३ | ३ लाख देखि ५ लाख सम्म | १०००।- | १०००।- |
| ४ | ५ लाख देखि २० लाख सम्म | २०००।- | २०००।- |
| ५ | २० लाख देखि माथि | ५०००।- | ५०००।- |

च) शिसा, फ्रेमिङ, कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु आदि ।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५००।- | ५००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००।- | १०००।- |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५००।- | १५००।- |
| ४ | १० लाख देखि २० लाख सम्म | २५००।- | २५००।- |
| ५ | २० लाख देखि माथि | ५०००।- | ५०००।- |

**छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ५००।- | १०००।- |
| २ | ३ लाख देखि ५ लाख सम्म | १०००।- | १५००।- |
| ३ | ५ लाख देखि १५ लाख सम्म | १५००।- | २०००।- |
| ४ | १५ लाख देखि ३० लाख सम्म | २०००।- | २५००।- |
| ५ | ३० लाख देखि १ करोड सम्म | ५०००।- | ५०००।- |
| ६ | १ करोड देखि ५ करोड सम्म | १००००। | १००००। |
| ७ | ५ करोड देखि माथि | १५०००।- | १५०००।- |

**ज) रुत्राक्ष  व्यवसाय**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | नगर स्तरीय | ३०००।- | ५०००।- |
| २ | जिल्ला भर | ५०००। | १०,०००।- |
| २ | नेपाल भर व्यवसाय गर्ने | ५०००।- | १५०००।- |
| ३ | अर्न्तराष्ट्रिय भर व्यवसाय गर्ने | १००००। | २५०००।- |

**ज.) वन पैदावर तथा कृषिजन्य वस्तुको वार्षिक आम्दानी स्वघोषणा प्रमाणित दस्तुर**

वार्षिक आय २० लाख सम्म स्वघोषणा प्रमाणित दस्तुर  ०.५ प्रतिशत

वार्षिक आय २० लाख सम्म स्वघोषणा प्रमाणित दस्तुर  १ प्रतिशत

## २)  विशेष परामर्श तथा ब्यवसायिक सेवा

क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटरीनरी, सर्जीकल लगायत स्वस्थ्य संग सम्बन्धित ब्यवसायहरु ।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | एम.डी. | २०००।- | ३०००.०० |
| २ | एम.वि.वि.एस, पशु डाक्टर | १०००।- | १५००.०० |
| ३ | पशु सहायक | ५००।- | ७००.०० |
| ४ | कविराज, होमियोपेथि, आर्युवेदिक डाक्टर | १०००।- | १५००.०० |
| ५ | सर्जिकल सामान खुद्रालाई | १०००।- | १५००.०० |
| ६ | औषधिपसल थोकलाई | ३०००।- | ४०००.०० |
| ७ | सर्जिकल सामान थोक | ३०००।- | ४०००.०० |
| ८ | भिडियो एक्स रे | २०००।- | २५००.०० |
| ९ | कविराज, होमियपेथि, आर्युवेदिक अहेव | १०००। | १५००.०० |
| १० | शारिरिक ब्यायमका सामाग्री विक्री | १५००।- | १५००.०० |

ख) परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेश, स्क्रिन प्रिन्टर्स।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ३ लाख सम्म | ५००।- | १०००।- |
| २ | ३ लाख देखि ५ लाख सम्म | १०००।- | १५००।- |
| ३ | ५ लाख देखि १५ लाख सम्म | १५००।- | २०००।- |
| ४ | १५ लाख देखि २० लाख सम्म | २०००।- | २५००।- |
| ५ | २० लाख देखि १ करोड सम्म | ३०००।- | ३५००।- |
| ६ | १ करोड देखि ५ करोड सम्म | ५०००। | ५५००।- |
| ७ | ५ करोड देखि माथि | १००००।- | १०५००।- |
| ८ | अन्य (टेलि चलचित्र, वृत्तचित्र निर्माण ) | ५०००। | ५५००।- |

**ग) केवल नेटवर्क ब्यवसाय**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ५०० सम्म ग्राहक भएका | २०००।- | ३०००।- |
| २ | ५०० देखि १००० सम्म ग्राहक भएका | ५०००।- | ५०००।- |
| ३ | १०० भन्दा माथि ग्राहक भएका | प्रति ग्राहक रु १००। | प्रति ग्राहक रु १००। |

**घ) कानुनी ब्यवसायी**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००।- | २०००।- |
| २ | अधिवक्ता | १०००।- | १०००।- |
| ३ | अभिवक्ता | ७००।- | ७००।- |
| ४ | लेखापढि | ५००। | ५००। |

**ङ) लेखापरीक्षक**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | श्रेणी क | २०००।- | २५००।- |
| २ | श्रेणी ख | १०००।- | १५००।- |
| ३ | श्रेणी ग | ५००।- | १०००।- |
| ४ | श्रेणी घ | ३००।- | ८००।- |

**च) अन्य सेवाहरु वा फर्मः**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | २०००।- | २०००।- |
| २ | विमा एजेन्ट स्वदेशी | १५००।- | १५००।- |
| ३ | विज्ञापन ऐजेन्सी | १०००।- | १०००।- |
| ४ | शेयर दलाल | २०००।- | २०००।- |

| | | | |
|---|---|---|---|
| ५ | अभिकर्ता | २००।- | २००।- |
| ६ | कानुनी फर्म | १०००। | १०००। |

**छ)  निर्माण ब्यावसाय**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | श्रेणी क | ३०००।- | ४०००।- |
| २ | श्रेणी ख | २०००।- | ३०००।- |
| ३ | श्रेणी ग (भवन निर्माण कर्ता ठेक्केदार समेत) | १०००।- | २०००।- |

**३  कुटानी पिसानी व्यवसायहरुको हकमा**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | कुटानी तथा पिसानी मात्र | २००। | ५००।- |
| २ | कुटानी तथा पिसानी पेलानी | ५००।- | १०००।- |
| ३ | कुटानी तथा पिसानी, पेलानी चिउरा समेत | १०००।- | १५००।- |
| ४ | कुटानी तथा पिसानी, पेलानी चिउरा, मसाला समेत | १५००।- | २०००।- |
| ५ | कुटानी तथा पिसानी, पेलानी तथा विक्री समेत | २०००।- | २५००।- |

**४.उत्पादनमुलक उधोग**

क)अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरि मालसामान उत्पादन गर्ने ब्यवसाय जस्तो, खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रु ५०० देखि रु ५००० सम्म लिन सकिनेछ ।

**५.पर्यटन सेवा व्यवसाय**

आवास लज, होटल, फास्टफुड रेस्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, स्वमीङ पुल, कन्फ्रेन्सहल आदि ।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | सानो ग्रामिण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | ५००। | ७००।- |
| ३ | ५० हजार देखि २ लाख सम्म | ७००। | १०००।- |
| ४ | २ लाख देखि ५ लाख सम्म | १०००।- | १५००।- |
| ५ | ५ लाख १ देखि २० लाख सम्म | २०००।- | ३०००।- |
| ६ | २० लाख भन्दा माथि | ३०००।- | ५०००।- |
| ७ | रिसोर्टहरुको हकमा | थप रु ३०००।- | थप रु ३०००।- |

## ६. संचार सेवा एफ एम समेत

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५००। | १०००।- |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। | १५००।- |
| ३ | ५ लाख भन्दा माथि | २०००। | २५००।- |
| ४ | एफ.एम. रेडियो प्रसारण | २०००। | २५००।- |

**मोवाईल टावर ठूलो रु २०,०००। (बार्षिक) सानोको हकमा १५,०००।**

## ७. बहाल कर

कोठा भाडा यकिन गरि २ प्रतिशतको दरले लगाउने ।

## ८. वित्तिय सेवा

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | निजी क्षेत्रबाट संचालीत बाणिज्य बैंक, विदेशी विमा कम्पनी | १०,०००। | १०,०००। |
| २ | बिकास बैंकहरु | ७०००।- | ७०००।- |
| ३ | वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००। | ५०००। |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००।- | ३०००।- |
| ५ | १ करोड सम्म कारोवार ( वासलात) भएका सहकारी | १०००।- | १०००।- |
| ६ | १ करोड भन्दा माथि ३ करोड सम्म | २०००।- | २०००।- |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ३०००।- | ३०००।- |
| ८ | ५ करोड देखि भएका सहकारीहरु | ५०००। | ५०००। |

**नोटः** बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा बार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नुपर्ने भएमा प्रति सिफारिस रु ५०० लाग्ने छ ।

## ९.स्वास्थ्य सेवा

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ५ लाख सम्मको लागि | १०००। | २०००।- |
| २ | ५ लाख देखि २० लाख सम्म | १५००।- | २५००।- |
| ३ | २० लाख देखि १ करोड सम्म | २०००। | ३०००।- |
| ४ | १ करोड देखि ५ करोड सम्म | ५०००।- | ७०००।- |
| ५ | ५ करोड देखि माथि | १००००।- | १३०००।- |

**१०.तालिम तथा प्रशिक्षण केन्द्रहरु**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ लगायत फोटोकपि समेत संचालन भई काम गर्नेहरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि । | १०००।- | २०००।- |

**११. मर्मत सेवा**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | टेक्टर, बस, ट्रक, हेवी ईक्युपमेन्ट, कार, जीप, सवारी डेन्टिङ मोटर पार्टस, मिलमेशिनरी, एयरकुलर, टायर रिसोलिङ आदि | १०००। | २०००।- |
| २ | रेडियो, घडि, टिभि, ईलेक्ट्रोनिक मर्मत, फ्रिज, हुडसिट, मोटरसाईकल मर्मत | १०००।- | २०००।- |
| ३ | ग्यांसचल्हो सेल्स, डाईनोमाईट, गाडीको पम्प, टायरट्युब पंचर, ग्यांस वल्डिङ, वक्सा मर्मत गर्ने, साईकल, लुगा सिउने मेशीन अन्य फोटोकपि व्यागा | १०००। | २०००।- |

**१२. अन्य सेवा**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | बैदेशिक रोजगारिमा पठाउने संस्था, हाउजिङ कम्पनी | ५०००। | ७०००।- |
| २ | उधोग, संघसंस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | २०००।- | ३०००।- |
| ३ | कलर ल्याव | १०००।- | १५००।- |
| ४ | घरजग्गा खरिद विक्री, रियल स्टेट | ५०००।- | ७०००।- |

| | | | |
|---|---|---|---|
| ५ | विज्ञापन सेवा फोटो स्टुडियो | १०००।- | १५००।- |
| ६ | ब्युटी पार्लर, केश श्रृंगार, साइनवोर्ड, पेन्टिङ, सैलुन नर्सरी | १०००।- | १५००।- |
| ७ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | १०००।- | १०००।- |
| ८ | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १५००।- | १५००।- |
| ९ | पंचेबाजा | निशुल्क | ५००।- |
| १० | ब्रास वैण्डबाजा | १०००।- | १०००।- |
| ११ | सित भण्डार | २०००।- | २०००।- |
| १२ | टेण्ट हाउस | १०००।- | १०००।- |
| १३ | हाफ क्याटरिङ | २०००।- | २०००।- |
| १४ | साइवर क्याफे | २०००।- | २०००।- |
| १५ | एग्रोभेट | १०००।- | १०००।- |
| १६ | कवाडी पसल थोक | ७०००।- | ७०००।- |
| १७ | कवाडी पसल खुद्रा | ५०००।- | ५०००।- |
| १८ | ढुवानी सेवा शाखा भएका कुरियर केरियर | ३०००।- | ३०००।- |
| १९ | ढुवानी सेवा शाखा नभएको कुरियर केरियर | २०००।- | २०००।- |
| २० | खाना मात्र विक्री होटल | १०००।- | १५००।- |
| २२ | एक मेशिन राखी कपडा सिलाई गर्ने रु ५००। | थप १ मेशन बरावर रु १०० | थप १ मेशन बरावर रु १०० |
| २३ | पेट्रोलियम पदार्थ बेच्ने पम्प | न्युनतम रु ५००० प्रति मेशन थप रु ३००० | न्युनतम रु ५००० प्रति मेशन थप रु ३००० |
| २४ | ग्यास विक्री डिलर | २०००।- | २०००।- |
| २५ | कांटा | १०००।- | १०००।- |
| २६ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना खुद्रा विक्रेता | १०००।- | २०००।- |
| २७ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना थोक विक्रेता | २०००।- | ३०००।- |
| २८ | डिपार्टमेन्टल स्टोर रेष्टुरां बेकरी सहितको | ५०००।- | ७०००।- |
| २९ | डिपार्टमेन्टल स्टोर | १००००।- | १००००।- |

**पर्यटन शुल्कः:ब्यवसायिक प्रयोजनका लागि नगरपालिका सरहद भित्र प्रबेश गर्ने प्रति ब्यक्ति शुल्क रू २०००० ।-**

**१३. क) उधोग**

चक उधोग, दाना उधोग, फिनेल उधोग, निर उधोग, औषधी उधोग, उन्पादनमुलक उधोगको डिपो, सौर्य उर्जा उत्पाद, मिश्री उत्पाद, चकलेट उधोग, पापड चिप्स उधोग, पाउरोटी उधोग, बरफ उत्पादन, झुल तथा पर्दा उधोग, धान, गहुं चिउरा मसाला तेल कुटानी पिसानी पेलानी उधोग, घरेल कपडा बनाउने उधोग, डेरी उत्पादन, चिनी उधोग, डोरी डब्बा, वाल्टीन आदी बनाउने उधोग, निर्माण उधोग, खनिज उधोग, सेलर तथा उर्जा मुलक उधोग चिया उद्योग ।

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ५ लाख सम्मको लागि | २०००। | २०००। |
| २ | ५ लाख १ देखि २० लाख सम्म | २५००।- | २५००।- |
| ३ | २० लाख १ देखि १ करोड सम्म | ३५००। | ३५००। |
| ४ | १ करोड १ देखि ५ करोड सम्म | ५०००।- | ५०००।- |
| ५ | ५ करोड देखि माथि | १००००।- | १००००।- |

**ख) ग्रिल उधोग**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | १ लाख देखि २ लाख सम्मको लागि | ५००। | १०००।- |
| २ | २ लाख १ देखि ३ लाख सम्मको | १०००।- | १५००।- |
| ३ | ३ लाख १ देखि ५ लाख सम्मको | २०००। | २५००।- |
| ४ | ५ लाख १ देखि १० लाख सम्म | ३०००।- | ३५००।- |
| ५ | १० लाख १ देखि २० लाख सम्म | ५,०००।- | ५५००।- |
| ६ | २० लाख १ देखि माथि | १००००।- | १०,५००।- |

*उल्लेखित ब्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस बापतको दस्तुर थप लाग्नेछ ।*

**ग) उल्लेख नभएका अन्य उधोगहरु**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | ट्युवलाईट उधोग, ब्याट्रि उधोग, प्लाष्टीकका सामानहरु उत्पादन गर्ने उधोग, बिडि बनाउने फ्याक्ट्री, साबुन उत्पादन गर्ने | २०००। | २०००। |

| | | | |
|---|---|---|---|
| | उधोग आदि | | |
| २ | वियर/वाईन फ्याक्ट्री, मदिर उत्पादन उधोग, ल्युव उधोग | २००००।- | २००००।- |

## १४. अन्य वर्गीकरण नखुलेका व्यावसाय

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | आलु, प्याज, हरियो तरकारी, फलफुल थोक विक्री | ५००। | ७००। |
| २ | खुद्रा तरकारी, फलफुल, पानपसल | ३००।- | ५००।- |

नोट

१) माथि उल्लेखित किसिम, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उधोग दर्ता हुन आएमा व्यावसाय र उधोगको किसिम हेरी माथिको कर दरमा नघटनेगरि वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिईनेछ ।

२) नगरपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उधोग आदि लाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरिक्षण गरि विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरि व्यावसाय बन्द सिफारिस दिईनेछ । र सोको विवरण छुट्टै फायलमा खडा गरि अध्यावधिक गरि राखिने छ ।

३) ब्यवसायिक फर्म नामसारी गर्दा तिन पुस्तेभित्र रु २५० र सो भन्दा बाहिर नामसारी गर्दा रु ५०० राजश्व लिई नामसारी गरिनेछ ।

४) नगरपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको ब्यावसायको कारोबारको आन्तरिक राजस्व कार्यालय वा अन्त शुल्क कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै नगरपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरि निरीक्षण प्रतिवेदनको आधारमा कर तय गरिनेछ ।

५) यस कार्यालयलाई बुझाउनु तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बांकी रहेमा न.पा बाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट बंचित गर्न सकिनेछ ।

६) अन्य बांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रहि नपाले तोके बमोजिम हुनेछ जुन सामान्यतया कारोबारको स्तर हेरि जरिवाना तोकिएको छ ।

## १५) दैनिक हटिया (ब्यावसाय) कर :-

| सि.नं. | विषय शिर्षक | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|---|
| १ | माछा, मासु बिक्री सम्बन्धि | खसी, बोका काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | २५ | ५० |
| | | सुगुर बंगुर काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | २५ | ५० |
| | | रांगा काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | २५ | ५० |
| | | कुखुरा काटी मासु बिक्री गर्ने पसलमा | २५ | ५० |
| | | माछा विक्री गर्ने पसलमा | २५ | ५० |

| | | | | |
|---|---|---|---|---|
| २ | कपडा तथा जुत्ता चप्पलआदि संग सम्बन्धित पसल | रेडिमेड सामान राखी बिक्री गर्ने पसलमा | २५ | ५० |
| | | थान कपडा विक्री गर्ने पसलमा | १५ | ५० |
| | | जुत्ता चप्पल बिक्री पसलमा सानो | १५ | ५० |
| | | जुत्ता चप्पल बिक्री पसलमा खुद्रा | १५ | ५० |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | १० | २० |
| ३ | तरकारी तथा फलफुल सम्बन्धि | फलफुल, नास्ता ठेलामा राखी बिक्री गर्ने पसलमा | १० | २० |
| | | साग सब्जी डोका वा डालामा राखी बिक्री गर्ने | १० | २० |
| | | भारमा सब्जी आदि ल्याई बिक्री गर्ने | १० | २० |
| | | सिजन अनुसारको सागसब्जी आलु | १० | २० |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | १० | २० |
| | | फलफुल सागसब्जी पसल अन्यमा | १० | २० |
| | | फलफुल सागसब्जी प्रति ठेला | १० | २० |
| | | फलफुल सागसब्जी बोरा । खुद्रा पसल | १० | २० |
| ४ | खाधान्य संग सम्बन्धित | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्यूरा आदिमा | १० | २० |
| | | बिस्कुट, चकलेट, पाउरोटी, साबुन बिक्री गर्ने पसलमा | १० | २० |
| | | मिठाई पसलमा | १० | २० |
| | | चटपटी तथा बरफ | १० | २० |
| | | चिया पसल | १० | २० |
| | | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | १० | २० |
| | | अदुवा, लसुन, खुर्सानी, कुचो नांग्लो बेच्नेसंग | १० | २० |
| | | चामल दाल बिक्री गर्ने पसल | २० | ३० |
| | | बीउ बिजन बिक्री गर्ने पसलमा | १० | २० |
| | | चकटी आदि बेच्नेसंग | १० | २० |
| | | मकै पोली बेच्नेसंग | १० | १० |
| | | जडीबुटी बिक्री गर्नेसंग | १० | ५० |
| | | किराना पसलमा | १० | ५० |
| | | अन्य छुटपुट पसलमा रु १० देखि रु ५० सम्म पसल हेरी | | |
| | | कुखुरा, हांस बिक्री गर्ने पसल प्रतिगोटा | १० | १० |
| ६ | परम्परागत शिपसंग सम्बन्धित | जुत्ता चप्पल सिलाई गर्ने मोचि संग | १० | २० |
| | | कपाल काटने सैलुनमा | १० | ५० |
| | | माटोको भांडा बेच्ने पसल ठूलोमा | १० | २० |
| | | माटोको भांडा बेच्ने पसल सानोमा | १० | २० |
| | | कुचो, कुनिया, खोगी डोको नांङ्लो बेच्ने | १० | २० |
| ७ | अन्य ब्यवसाय | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | १० | २० |

| | | | | |
|---|---|---|---|---|
| | **संग सम्बन्धित** | फलमका औजार तथा समान बिक्री गर्ने पसलमा | १० | २० |
| | | भाडाकुडा पसलमा | १० | ५० |
| | | फोटो फ्रेमिङ तथा बिक्री पसल | १० | ५० |
| | | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसलमा | १० | २० |
| | | प्रचार प्रसार गरी ब्यावसाय गर्ने विज्ञापन सम्बन्धी पसलमा | २० | २० |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल ठूलोमा | १० | २० |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल सानोमा | १० | २० |
| | | मुरली, बासुरी, गुलेली, थैली, जुम्रँ, उडुस आदी मार्ने ओषधी बिक्री गर्ने | १० | २० |
| | | उल्लेखित कर तथा दस्तुरका दररेटमा कुनै परिवर्तन गर्नुपरेमा नगरपालिकाले गर्न सक्नेछ । | | २० |

***नोटः-** माथि नपरेको व्यावसायको हकमा नगरपालिकाले निर्णय गरि रु १ देखि १०० सम्म कर लिन सक्नेछ ।*

१६.**विज्ञापन कर**

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | होर्डिङ वोर्ड मुख्य रोड तथा वजारमा प्रति वर्गफिट | ३०। | ३०। |
| २ | सिनेमाका होर्डिङ वोर्ड मुख्य रोड तथा वजारमा प्रति वर्गफिट | २०।- | २०।- |
| ३ | होर्डिङ वोर्ड शाखा रोडमा प्रति वर्गफिट | १०। | १०। |
| ४ | फ्ल्याक्स वोर्डमुख्य रोड तथा वजारमा प्रति वर्गफिट | २०।- | २०।- |
| ५ | फ्ल्याक्स वोर्ड शाखा रोडमा प्रति वर्गफिट नगर क्षेत्रभित्र | १०।- | १०।- |
| ६ | भित्तेलेखन तथा ब्यानर प्रति वर्गफिट नगर क्षेत्रभित्र | ५।- | ५।- |

**नोट : पसल वालाले आफ्नो नाम सहितको पसल अगाडी राखेको वोर्डको विज्ञापन कर लाग्ने छैन ।**

## १७. अन्य सेवा शुल्क

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित |
|---|---|---|---|
| १ | अचल सम्पत्ति मूल्याङकन सेवा शुल्क | प्रतिलाख रु १०० विधार्थीको लागि (अन्यको हकमा रु १५०) | प्रतिलाख रु १०० विधार्थीको लागि (अन्यको हकमा रु २००) |
| २ | आयश्रोत मूल्याङकन प्रमाणित शुल्क | प्रतिलाख रु १०० (विधार्थीको लागि अन्यको हकमा रु १५०) | प्रतिलाख रु २०० (विधार्थीको लागि अन्यको हकमा रु ३००) |
| ३ | हलभाडा | हल हेरी | हल हेरी |
| ४. | अन्य विविध सेवा शुल्क | सेवाको प्रकृतिहेरि | सेवाको प्रकृतिहेरि |

## १८.	दण्ड जरिवाना

| सि.नं. | बिवरण | साविक कर रकम | परिमार्जित | कैफियत |
|---|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका ब्यक्तिगत घटना | तोकिए बमोजिम | २०० | |
| २ | ३५ दिन नाघि दर्ता हुने ब्यक्तिगत *(घटना प्रति घटना)* | १००।- | १००।- | |
| ३ | नगरपालिका घोषणा हुनुपूर्व बनेका संरचनाको हकमा नक्शापास सम्बन्धि | ५० प्रतिशत | ५० प्रतिशत | |
| ४ | नक्शापास नगरि चर लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | ३० प्रतिशत (थप जरिवाना) | ३० प्रतिशत (थप जरिवाना) | |
| ५ | नक्शापास नगरि चर भन्दा माथि सम्म भौतिक संरचना निर्माण गरेमा | ६० प्रतिशत (थप जरिवाना) | ६० प्रतिशत (थप जरिवाना) | |
| ६ | नक्शापास नगरि घर तथा भौतिक निर्माण सम्पन्न गरेमा | १०० प्रतिशत (थप जरिवाना) | १०० प्रतिशत (थप जरिवाना) | |
| ७ | निश्चीत तल्ला वा निश्चित डिजाइनको अनुमति लिई सो भन्दा बढि वा फरक घर निर्माण गरेमा | ७० प्रतिशत (थप जरिवाना) | ७० प्रतिशत (थप जरिवाना) | |
| ८ | घर निर्माण गर्दा सडकमा जथाभावी निर्माण सामाग्री थुपार्नेको हकमा | १००० देखि १५००० सम्म | १००० देखि १५००० सम्म | |
| ९ | निशेधित क्षेत्रमा फोहोर फाल्नेको हकमा | १००० देखि १५००० सम्म | १००० देखि १५००० सम्म | |
| | | | | |
| १० | निशेधित क्षेत्रमा प्लाष्टिका फोहोर तथा फाल्नेकाो हकमा | १००० देखि १५००० सम्म | १००० देखि १५००० सम्म | |
| ११ | जथाभावि चौपाय छोड्नेको हकमा | प्रतिदिन १०० देखि ५०० सम्म | प्रतिदिन १०० देखि ५०० सम्म | |
| १२ | मालपोत लगायतका करहरु को हकमा | २५ प्रतिशत | २५ प्रतिशत | |
| १३ | व्यावसायको हकमा | १० प्रतिशत | १० प्रतिशत | |
| १४ | सार्वजनिक सडकमा लकडि लगायत अन्य सामाग्रि राखेमा | २०००.०० | २०००.०० | |

*घर नक्शाको हकमा दण्ड जरीवाना कायम गर्दा निरीक्षणमा भएको कर्मचारीको रोहवरमा नक्शा तयार गर्ने कन्सल्टेन्सीलाई साक्षी राखि घरधनीको समेत सहभागितामा न.पा. कर्मचारीले उठाएको टिप्पणीमा तीन पक्षिय हस्ताक्षरको साथै कम्तीमा एकातर्फको संधियारले हस्ताक्षर गर्ने*